# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



कुनै पनि तवरको अन्धविश्वासमा नलागौं । रोग लागेमा स्वास्थ्य केन्द्र जाने बानी बसालौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



वर्ष–३ | अंक–३० | २०७५ फागुन १ गते बुधबार | 13 February 2019 Wednesday | मूल्य रू. १०/-


# स्थानीय तहमा इन्टरनेट जडान

**पुष्पराज भट्टराई**

**कालीकोट**-जिल्लाका सबै स्थानीय तहमा इन्टरनेट सेवाको पहुँच पुगेको छ । गाउँपालिकाका सबै गतिविधि र सूचना सबैसमक्ष पुर्‍याउन इन्टरनेट अनिवार्य भएको भन्दै कालीकोटका सबै स्थानीय तहले इन्टरनेट सेवा जडान गरेका छन् । स्थानीय तहले गरेका काम कार्वाहीलाई जनताको माझमा पुर्‍याउन प्रविधिमैत्री स्थानीय तह निमार्ण गर्नका लागि जिल्लाका स्थानीय तहले इन्टरनेट जडान गरेका हुन् ।

जिल्लाका सबै स्थानीय तहले आफ्नै वेबसाइट बनाई सेवाग्राहीलाई सुसूचित गराएका छन् । इन्टरनेट विस्तारपछि डकुमेन्टेसन, इमेलिङ, फ्याक्स, वेब सफ्टवेयर, जानकारी अपडेटलगायत दैनिक रूपमा सञ्चालन हुने कार्यालयका काम सम्पन्न गर्न सहज पुगेको नरहरीनाथ गाउँपालिकाका उपाध्यक्ष मनशोभा बुढा (आशा)ले बताउनुभयो । उहाँले गाउँपालिकामा काम गरेपनि विगतमा डकुमेन्ट फ्याक्स, मेल गर्न मान्म जानुपर्ने बाध्यता हटेको बताउनुभयो । 'जिल्लाका दुर्गम स्थानीय तहमा पनि इन्टरनेट प्रविधि जडानपछि कार्यालयको दैनिक कार्यसम्पादन सहज भएको छ । उपाध्यक्ष बुढाले बताउनुभयो ।' स्थानीय तहमा इन्टरनेट जडान भएपछि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता, सम्पत्ति कर, 'गाउँपालिकाको धेरैजसो कामका लागि सदरमुकाम धाउनुपर्थ्यो', उहाँले भन्नुभयो, 'इन्टरनेट सेवा विस्तारपछि गाउँपालिकामै सम्पूर्ण काम सहज भएको छ ।' यत्तिमात्र होइन टेलिफोनको नमस्तेले काम नगर्ने पलाता



सान्नित्रिवेणी गाउँपालिकाले जडान गरेको वल्डलिंकको नेट ।

जन्मदर्ताको अनलाइन पद्धतिबाट अभिलेख राख्न सुरु गरिएको शान्नित्रिवेणी गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर शाहीले बताउनुभयो । स्थानीय तहमा गर्नुपर्ने सम्पूर्ण इन्टरनेटसम्बन्धी कामका लागि सदरमुकाम नै धाउनुपर्ने बाध्यता टरेको महावै गाउँपालिकाका अध्यक्ष नन्द्रबहादुर सिंहले बताउनुभयो । गाउँपालिका र महावै गाउँपालिकामा इन्टरनेट चल्न थालेपछि स्थानीयलाई देश विदेशको खबर थाहा पाउन सजिलो भएको पलाता गाउँपालिकाका स्थानीय मानबहादुर रोकायाले बताउनुभयो । 'स्काई फोन बाहेक अन्य फोनले काम नगर्ने पलातामा वल्डलिंकको नेट

बाँकी ८ पृष्ठमा.....

# एक वर्षदेखि पाएनन् ज्याला

**मिसन न्यूज**

**कालिकोट** - जिल्ला प्रशासन कार्यालय कालिकोटको आवास भवन निमार्ण गर्ने क्रममा एक वर्षसम्म काम गर्दा ज्याला नपाएको गुनासो मजदुरहरुले गरेका छन् । एक वर्षसम्म ४५ जना दक्ष तथा अदक्ष कामदारहरुले मजदुरी गरेको ज्याला नपाएकाले सोमवार मान्ममा पत्रकार सम्मेलन मार्फत यस्तो गुनासो गरेका हुन् । जिल्ला प्रशासन कार्यालय कालिकोटको आवास भवन निर्माणको जिम्मा लिएको रविना बडिमालिका कन्टक्सन प्रालिका देवजंग शाही र प्रतिनिधि मनजित शाहीले ६२ लाखको कामको जिम्मा दिए पनि भुक्तानी आफैंले लिएर भगेको पीडित तेजवहादुर शाहीले बताए । कन्टक्सनका प्रमुख शाहीले



प्रतिनिधि मन्जित शाहीमार्फत सम्झौता गरेको कामदारहरुलाई एक वर्षसम्मको १९ लाख ज्याला भुक्तनी नदिएर ठगेको पीडितहरुले आरोप लगाएका छन् । ठेकेदारहरुले ज्याला मजदुरी ठगेकोले पीडितहरुले प्रहरीले उजुरी लिन नमानेको र जिल्ला प्रशासन कार्यालयमा उजुरी लिएर जाँदा प्रहरी प्रमुख डिएस्पी बिनोद शर्माले धम्की दिएको पीडित दर्न मल्लले बताएका छन् । उता सह ठेकेदार मनजित शाहिसंग सोध्दा उनका अनुसार १८ लाख पैसा निकालि सरिया सिमेन्टको लागि भुक्तानी गरेको र लेवरलाई नदिएको स्वीकार गरेका छन् । 'रकम हामीले पनि पुरै भुक्तनी पाएका छैनौं,' उनले भने अव तत्काल पैसा निकालि लेवरको पारिश्रमिक

बाँकी ८ पृष्ठमा..

# सडक दुघर्टना कम गर्न स्वास्थ्य परीक्षण

**मिसन न्यूज**

**कालिकोट** - सवारी दुर्घटना न्युनीकरण गर्न कालिकोटमा चालकको सडकमै स्वास्थ्य परीक्षण गरिएको छ । स्वस्थ चालकले नै सही तरिकाले सवारी साधन चलाउन सक्छन् भन्ने मान्यताका साथ अस्थायी जिल्ला ट्राफिक प्रहरी कार्यालय कालिकोटको आयोजनामा सवारी चालकहको स्वास्थ्य परीक्षण गरिएको हो ।

सडक दुर्घटनालाई न्युनीकरण गर्न कर्णाली राजमार्गमा सवारी चलाउने चालकहरुको स्वास्थ्य परीक्षण गरिएको मध्ये धेरै चालकहरु आँखा कमजोरका बिरामी भएको पाइएको छ । परीक्षण गराएका ३९ जनामा ४ जनाको आँखा




अति कमजोर भएका, ३ जना उच्चरक्त चापका बिरामी, ४ जना कम रक्त चापका बिरामी पाइएको अस्थायी जिल्ला ट्राफिक प्रहरी कार्यालय कालिकोटका प्रमुख हवल्दार दल बहादुर बस्यालले जानकारी दिए । त्यस्तै, दुई जना चालकमा आँखाको समस्या देखिएको छ । उच्च रक्तचाप भएका र आँखामा समस्या भएका चालकलाई तत्काल

बाँकी ८ पृष्ठमा..

# युवाको दायित्व र नागरिक समाज

डा. सुभाष पोखरेल

भविष्यका चुनौती सामना गर्नुपर्ने युवाहरू निहित स्वार्थ र वर्गीय मुनाफामा बरालिने मुलुकको ग्रहदशा उचित छैन भनी आकलन गर्नका लागि कुनै ज्योतिषीको आवश्यकता पर्दैन। संसद्मा स्पष्ट बहुमत नभई देशको विकास हुन कठिन छ भन्नेहरूलाई वर्तमान सरकारको कार्यशैलीले दरो प्रहार गर्दो छ। सरकारको अनैतिक कार्यको चिरफार गर्नुपर्ने प्रतिपक्ष वाइडबडी प्रकरणमा आफ्ना नेताको पनि संलग्नता छ भन्ने थाहा हुनेबित्तिकै कसरी गरुडको छायाँ परेको सर्पजस्तो भयो त्यो पनि देखियो।

अरबौंको कर भुक्तानी नगर्ने एनसेलको प्रतिरक्षामा विगतमा कति नेताले वक्तव्य दिन भ्याए त्यसको फेहरिस्ताले राजा महेन्द्रले पद तथा पैसाको लोभमा बिपी कोइरालाबाहेक आफूले चाहेका सबैलाई पञ्चायतमा प्रवेश गराउन सफल भएको दाबीलाई असत्य भन्ने अवस्था रहेन। सन् २०१४ मा सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त भएकामध्ये विवादास्पद मानिएका गोपाल पराजुली, दीपकराज जोशी र चोलेन्द्र शमशेर राणा तथा निस्वार्थ ठानिएका ओमप्रकाश मिश्रको कार्यशैलीको सिंहावलोकन गर्दा अधिकांशको हकमा विगतको आचरणले भविष्यको कार्यशैली निर्देशित गर्ने भए पनि केही व्यक्ति भने फरक शैलीमा प्रस्तुत हुन सक्छन् भन्ने देखियो। अन्यथा प्रधानन्यायाधीश मिश्रले पेशागत जीवनको अन्त्यमा त्यसरी विवादास्पद फैसला गर्ने थिएनन् अनि चोलेन्द्रले अरबौंको कर छली प्रकरणमा राज्यलाई फाइदा नहुने निर्णय सुनाउनु नपर्ने हो। क्रूर राक्षस अगुलीमालले जीवनको उत्तरार्धमा बौद्धधर्मको प्रवर्धनमा खेलेको भूमिका आफैँमा अलौकिक छँदैछ। भौतिकवादको चिन्ता र आध्यात्मज्ञानको चिन्तन जीवनको कुन मोडमा कता ढल्कन्छ भन्न सजिलो छैन। डा. गोविन्द केसीको सोह्रौं अनशनकै बीचमा संसद्ले चिकित्सा विधेयक पास गर्‍यो। पन्ध्रौं अनशनका क्रममा प्रधानमन्त्री केपी ओलीको इच्छाबमोजिम डा. केसीसँग सम्झौता गर्न/गराउन साक्षी बस्ने एमालेका वरिष्ठ नेता सुवास नेम्वाङ तथा महासचिव विष्णु पौडेलले चिकित्सा विधेयक पास गर्दाका बखत सत्याग्रहीसँग विगतमा भएका सम्झौताका सम्बन्धमा बोल्न पनि उचित ठानेनन्।

यसलाई राजनीतिक स्खलन भन्दा अनुचित नहोला। त्यसमाथि जोगी डाक्टरप्रति युवा नेता योगेश भट्टराईको विष वमनले नयाँ पिँढी मुलुक बनाउनका लागि कति विश्वासिलो छ बुझ्न कठिन रहेन। नेपाल वायुसेवा निगमको बाइडबडी प्रकरणमा मन्त्री रवीन्द्र अधिकारीको संलग्नता देखिएको र उक्त कारोबारमा आर्थिक अपचलन भएको ठहर गर्‍यो संसद्को विषयगत समितिले। रवीन्द्रको कदको ख्याल गर्नेले सरक्क राजीनामा गरेर उनले आफूलाई लफडाबाट पृथक राख्छन् अनि उत्खनन्लाई तार्किक निष्कर्षमा पुर्‍याउन सघाउँछन भन्ने ठान्थे। तर उनी विपरीत धारमा प्रस्तुत भए। आफूले कुनै पनि खराबी नगरेकाले राजीनामा नगर्ने भन्न पत्रकार बोलाए। रवीन्द्रको कैफियत होला/नहोला, त्यो थप अनुसन्धानले भन्ला तर उनले संसद्को समितिको प्रारम्भिक निचोडको कदर भने गरेनन्। बाइडबडी अनुसन्धानका सन्दर्भमा प्रतिपक्षले नेतृत्व गरेको समितिले गरेको फैसला पूर्वाग्रही भएको भन्नसमेत भ्याए, केहीले। आफ्ना सहकर्मीले भ्रष्टाचार गर्‍यो भनेर आजसम्म कसले भन्यो ? त्यसैले सरकारको खराबीको अनुसन्धान गर्ने भनेकै प्रतिपक्षले हो। त्यसै अभ्यासअन्तर्गत नै संसदीय अभ्यासको दोस्रो चरणमा सार्वजनिक लेखा समितिको नेतृत्व प्रतिपक्षले सम्हाल्ने अभ्यास चल्यो। कांग्रेस सरकारमा रहँदा सार्वजनिक लेखा समितिको नेतृत्व सुवास नेम्वाङले गरेका बखत लाउडालगायतका धेरै महत्वपूर्ण अनुसन्धान गर्‍यो अनि राज्यको ढिकुटी दोहन रोक्न सघायो कमिटीले। त्यसबखत पनि कांग्रेसी कार्यकर्ता लेखा समितिको अनुसन्धानसग सन्तुष्ट थिएनन्। तर उक्त अभ्यास खराब हो भन्ने साहस कसैले पनि गरेन।

त्यसैले अहिले कांग्रेसी सांसद राजन केसीले नेतृत्व गरेको समितिले गरेको अनुसन्धानलाई खोटो देख्ने प्रवृत्तिले संसदीय परम्परा कति मजबुत पार्ला भविष्यले भन्ला नै। सरकारले भनेझैं समकक्षीले गरेको खराबीको अनुसन्धानात्मक नेतृत्व आफन्तले गर्नु भनेको स्वार्थको बजान हो र त्यस्ता कार्य अवैधानिक पनि हो। उक्त परिदृश्य सारा जगत्ले भोगेको वामदेवको भ्रष्ट आचरण गौतमले पार्टी फुटाएपछि मात्र एमालेले देख्नुभन्दा पृथक होइन नै। कुनै पनि मुद्दामामलाको रोहमा अन्तिम फैसला गर्ने अधिकार सर्वोच्च अदालतको हो। सर्वोच्चले आदेश नगरुन्जेल आफूलाई कसुरदार ठहर गर्न मिल्दैन भन्ने हो भने ज्यानमुद्दाको अन्तिम आदेश नहुन्जेल डामिनेले निष्फिक्री हिँडडुल गर्न पाउनुपर्ने हो। तर त्यसो हुँदैन। प्रारम्भिक अदालती सुनवाइकै क्रममा कसुरदार जेल पर्छ। संगीन अपराधका आरोपीहरू समाजका लागि खतरनाक हुन सक्ने भएकाले उनीहरूलाई सुरुदेखि नै हिरासतमा राख्नुपर्छ भन्ने अन्तराष्ट्रिय अभ्यास हो र प्रारम्भिक थुनछेकको बहस त्यसैको विधि हो। देशको ढिकुटीको दोहन गर्नु जघन्य अपराध भएकाले एउटा जिम्मेवार निकायले रवीन्द्रको निर्णयले नेपाल वायुसेवाको रकम अपचलन भएको ठहर गरेपछि उपल्लो निकायले अन्यथा नभनुन्जेल आरोपित अधिकारीले आफ्ना साविकको दायित्वबाट विश्राम लिनुपर्ने हुन्छ। डाँका मुद्दामा आरोपित व्यक्तिले आफूले चोरी नगरेकाले सर्वोच्चले फैसला नगरुन्जेल आफूलाई थुन्न पाइन्न भन्नु र रवीन्द्रले आफूले कैफियत नगरेकाले पदत्याग गर्नु नपर्ने ठान्नुका बीच न्यायिक आँखामा तात्विक फरक रहेन। वर्षौं जेल बसिसकेपछि सर्वोच्च अदालतबाट सफाइ पाएका मानिस धेरै भएकाले तदनुरूपका नियम/कानुन बन्नुपर्छ भन्ने तर्क गरिन्न। बरु, अन्तिम फैसलामा सुरुका आदेशका कारण निर्दोष व्यक्तिले कैद भुक्तानी गरेको देखिए न्यायोचित सोधभर्ना गर्ने कानुन र तदनुरूपका अदालती आदेश नेपालमा पनि नभएका होइनन्। त्यसैले सदनको मर्यादाका लागि रवीन्द्रले तहकिकातले अन्तिम स्वरूप नलिउन्जेलसम्मका लागि मन्त्रीको पदबाट बिदा लिनुपर्ने थियो। राजीनामा नगर्दाको अवस्थामा सार्वजनिक लेखा समिति अख्तियारी नै नपाएको समिति हो भन्ने पुष्टि गर्नुपर्ने थियो उनले। तर उनले त्यसो पनि गरेनन्।

न्यायिक, गैरन्यायिक तथा अनुसन्धान गर्ने हैसियत पाएको निकायले गरेको फैसलाप्रति आफ्नो असहमति जनाउने हक सबैमा सुरक्षित छ। तर अख्तियार पाएको निकायले गरेको फैसला मान्दिनँ भन्ने हक कसैलाई पनि रहन्न। आफूलाई अभियुक्त करार गर्ने सुशीला कार्कीको फैसला विगतको पारिवारिक इबी साँध्ने तथा पूर्वाग्रही भएकोसमेत भन्न भ्याए जयप्रकाश गुप्ताले। उक्त आदेशले आफ्नो राजनीतिक अध्याय समाप्त भएको जान्दाजान्दै पनि गुप्ताले अदालतको आदेश मान्दिनँ भनेनन्। प्रजातान्त्रिक पद्धतिमा विश्वास गर्ने मानिसले कानुनसम्मत गठन भएको निकायको मर्यादा राख्दैन भने उसको नेतृत्वमा मुलुकको मुहार फेरिने सोच्नु दिवास्वप्न भन्दा फरक होइन। नेपाली कांग्रेसका कृष्ण सिटौला गृहमन्त्री भएका बखत सुडानमा शान्ति कायम गर्न जाने सुरक्षा निकायका लागि बन्दोबस्तका सामान खरिद गर्दा अत्यधिक धनराशि अनियमितता भएको खबर अन्तराष्ट्रिय समाचार बन्यो। सदस्य राष्ट्रहरूले दिएको सहयोगले चल्ने संयुक्त राष्ट्र संघको पैसामा नेपालले खेलबाड गरेको खबरले विश्व क्षितिज तताउनु अन्यथा भएन। देशकै बेइज्जत हुने भएपछि सुडान घोटालाको नामले परिचित उक्त अन्तराष्ट्रिय बेथितिलाई संसदीय समितिले छानबिन गर्‍यो। सबै दलका नेता संलग्न भएको प्रमाण आउनेबित्तिकै उक्त काण्डको ढाकछोपमा दलीय सहमति कायम भयो।

## साताको भाग्यफल

**मेष** : प्रारम्भमा खर्च बढ्ने हुँदा धेरै रकम जोहो गर्नुपर्ला। थैलीको मुख बलियो नहुँदा धनमाल हराउन सक्छ।

**वृष** : सञ्चित कर्मको प्रतिफल प्राप्त हुनेछ। आम्दानीले विभिन्न आवश्यकता पूरा हुनेछन्। धन बाहिरिनाले चिताएका काम पूरा गर्न कर्जा वा सरसापट लिनुपर्ने छ।

**मिथुन** : बीचमा केही उतारचढाव आए पनि यो साता दिगो काम प्रारम्भ हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्‍याउन सक्छ।

**कर्कट** : समयको महत्त्व बुझ्नेहरूलाई भाग्यले राम्रो साथ दिनेछ। धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ।

**सिंह** : प्रारम्भमा कमजोर शरीर लिएर कठिन काममा जुट्नुपर्ला। अरूको स्वार्थमा उपयोग भइने हुँदा व्यवहारमा सजग रहनुहोला।

**कन्या** : प्रबल इच्छाशक्तिले प्रारम्भमा लक्ष्यनजिक पुर्‍याउनेछ। प्रियजनसँग भेटघाट हुनेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ।

**तुला** : मिहिनेतले अवसर दिलाउनेछ भने प्रतिद्वन्द्वीहरू पछि पर्नेछन्। रोकिएका काम बन्नाले आम्दानी बढ्नेछ। खर्च लागे पनि दिगो फाइदा हुने काम प्रारम्भ होला।

**वृश्चिक**: अध्ययनमा प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ। शुभचिन्तकहरूले साथ दिनेछन्। बुद्धिको उपयोगले लक्ष्यमा पुग्न सकिनेछ।

**धनु** : प्रारम्भमा काम बिग्रने भयले सताउन सक्छ। आफन्तजन टाढिनाले एक्लोपनाको अनुभूति हुनेछ।

**मकर** : बीचमा केही उतारचढाव आए पनि यो सातामा पुरुषार्थी काम गर्दै लोकप्रियता हासिल गर्ने समय छ। अग्रज तथा सहयोगीहरूले राम्रो साथ दिनेछन्।

**कुम्भ** : प्रारम्भमा असंयम व्यवहारले यदाकदा चुनौती निम्त्याए पनि यो साता उत्साह रहनेछ। अग्रजको सहयोग प्राप्त हुनाले मनकांक्षी प्रारम्भ गर्न सकिनेछ।

**मीन** : प्रारम्भमा स्वास्थ्य कमजोर देखिए पनि व्यक्तित्व निखार्ने अवसर जुट्नेछ। इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ।

# सडक सञ्जालमा जोडिंदै नरहरिनाथ

**मिसन न्यूज**



**कालिकोट** - सडक सञ्जालसंग नजोडिएको र जिल्लाका अन्य स्थानीय तहभन्दा विकट मानिएको नरहरीनाथ गाउँपालिका सडक सञ्जालमा जोडिने भएको छ । स्थानीय सरकारले सडक निर्माणको कामलाई तीब्रता दिएपछि स्थानीयबासी खुशी भएका छन् । नागरिकले विकास भएको अनुभव सडक निमार्णमा गर्ने भएकाले सडकलाई पहिलो प्राथमिकतामा राखेर काम अगाडि बढाइएको बताइएको छ ।

गाउँपालिकाका हरेक बस्तीमा सडक नपुगेसम्म नागरिकले विकास भएको अनुभव गर्न नसक्ने भन्दै गाउँपालिकाले सडक निर्माणलाई बिकासको प्राथमिकतामा राखेको छ । नरहरीनाथ गाउँपालिकाले चालु आर्थिक बर्षमा गाउँपालिका केन्द्र कुमालगाउँ हुँदै रुप्सासम्म सडक पुऱ्याउने लक्ष्य लिएको छ । करिव दुई दशकपछि भएको स्थानीय तहको निर्वाचनले जनताले जनप्रतिनिधि निवा्चित भए पछि नागरिकले विकासको अनुभव गर्न पाएको बताएका छन् । जनताले चुनेका प्रतिनिधिबाट सेवा सुविधा लिँदा सहज भएको विश्वास लिइएको छ । जिल्ला सदरमुकामबाट ७ कोष टाढा रहेको नरहरीनाथ गाउँपालिका विकास र सडक निमार्णको गतिले पछि परेको गाउँपलिका हो । जनप्रतिनिधि चुनिएसंगै नरहीनाथ गाउँपालिका विकासले फड्को मारेको स्थानीय सन्तोष महताराले बताए । नरहरीनाथ गाउँपालिका जिल्लाकै पर्यटकको सम्भावना भएको गाउँपालिका भएपनि सडक संजालमा नजोडिदा गाउँपालिकाका पछि परेको उनको भनाई धारणा छ । 'बिकासको मुख्य मेरुदण्ड सडक रहेछ, अब गाउँपालिका पनि सडकमा जोडिए पछि यहाँको मुहार फेर्न सकिन्छ' उनले भने । जिल्लाकै भौगोलिक रुपमा मिलेको गाउँपालिकाको रुपमा चिनिएको नरहरीनाथ गाउँपालिका योगी नरहरीनाथको नामबाट नामाकंन गरिएको हो । विकासका दृष्टिकोणले पछि परेको गाउँपालिका जिल्लाकै नमुना गाउँपालिका बनाउने उद्देश्यका साथ विकासका काम अघि बढाएको नहरीनाथ गाउँपालिका प्रवक्ता गगन फडेराले बताउनुभयो ।

जनप्रतिनिधि चुनिए संगै नरहरीनाथ गाउँपालिकाले विकासले फड्को मारेको स्थानीयले बताएका छन् । गाउँ पालिकाको बिकासका लागि कर्मचारी व्यवस्थापन गरी कृर्षि, खानेपानी, विद्युतलगायतका विकास निमार्णलाई उच्च प्राथमिकतामा राखेर काम अगाडि बढाएको गाउँपालिकाका अध्यक्ष धीरबहादुर विष्टले बताए । 'सडक सञ्जालमा गाउँपालिका जोडिएमा गाउँपालिकाका भौतिक निर्माण

बाँकी ४ पृष्ठमा..

**सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट**

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

**– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।**
**– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।**
**– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।**
**– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।**
**– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।**

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

**सान्नी त्रिवेणीको सन्देश**

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

**सान्नी त्रिवेणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

**सम्पुर्णमा हाम्रो अनुरोध**

**नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।**

**तिलागुफा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

## सडक सञ्जालमा जोडिँदै .......................

लगायतका काम अगाडि बढाउन सजिलो हुने भएको सडक पहिलो प्राथमिकतामा रहेको छ' उनले भने । सडकको विकास भएपछि मात्रै पालिकाको विकास हुने अपेक्षा गाउँपालिका लिएको उनको भनाई छ। सडकले नछोएको गाउँ पालिकालाई पहिला सडक सञ्जालबाट जोड्नका लागि काम अगाडि बढाईको उनले बताए । कर्णाली करिडोरले छोएपनि पक्की सडकले नछोएको गाउँपालिको सडक निर्माणका लागि गाउँपालिकाले चालु आर्थिक बर्षमा सडक सञ्जालकै लागि गाउँपालिकाले सबै भन्दा बढी खर्च सडकमा छुट्टाएको छ । आर्थिक बर्ष २०७४/०७५ का लागि नरहरीनाथ गाउँपालिकाले ६ करोड रकम विनियोजन गरि सडक निर्माण गरेको थियो भने आर्थिक वर्ष २०७५/०७६ का लागि ६ करोड ५० लाख रकम विनियोजन गरि काम अगाडि बढाएको गाउँपालिकाका उपाध्यक्ष मनशोभा बुढाले बताए । गाउँपालिकाभित्र निर्माण हुन लागेका सडकहरु आफ्नै डोजर खरिद गरि सडक निमार्ण कार्य धमाधम सुरु भएको छ। सडकको विकास भएपछि मात्रै गाउँपालिकाको विकास हुने अपेक्षाका साथ सडक निर्माणलाई पहिलो प्राथमिकता दिएको गाउँपालिकाका उपाध्यक्ष मनशोभा बुढा आशाले बताईन् । गाउँपालिकाले आफ्नै जोडर किनेर उपभोक्ता समितिमार्फत काम गराएको छ । उपभोक्ता समितिले घण्टाको हिसावले गाउँपालिकाको खातामा पैसा जम्मा गर्ने र उक्त पैसा अन्य विकास निमार्णका काममा लगानी गर्ने उद्देश्यका साथ डोजर किनिएको उपाध्यक्ष बुढाले बताईन्।


### पचालझरनाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।

रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

पचालझरना गाउँपालिका
कालिकोट



### प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

खाँडाचक्र नगरपालिका
कालिकोट



व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट


# स्वास्थ्य

## घिउ ढुक्कले खानुहोस्, यस्तो छ फाइदा

जब हामी मधुमेह, उच्च रक्तचाप जस्ता रोगहरुको भय पाल्छौं, चिल्लो चाप्लो खानेकुरा घटाउन थाल्छौं। त्यसैगरी जब हामी मोटोपन घटाउने चक्करमा लाग्छौं, तब चिप्लो खानेकुरा बन्देज गर्न थाल्छौं । घिउ खाए जिउ लाग्छ भन्दै आए। घिउ, जसको शुद्धता र गुणस्तरमा हाम्रा पूर्खाले आँखा चिम्लेर विश्वास गरे । **घिउ किन नखाने** ?-पश्चिमा देशहरुमा अहिले घिउको प्रयोग बढीरहेको छ, जुन क्ल्यारिफाइड बटर नमले प्रचलित छ। घिउलाई अमेरिकामा तौल घटाउनको लागिसमेत प्रयोग गरिन थालेको छ । प्राचिन कालदेखि प्रयोग हुँदै आएको घिउ चिल्लोको मात्रा एकदमै ९९ दशमलव ९ प्रतिशत हुन्छ । **स्वस्थ मुटुका लागि-** घिउबाट प्राकृतिक रुपमा उमेगा ३ र उमेगा ९ फ्याटी एसिड नामक पोषकतत्व पाइन्छ । यी दुबै तत्वले रत्तनलिमा जमेको कोलेस्ट्रोल हटाउन मदत पुग्छ। एन्टीअक्सीड्याण्टले रगतमा कोलेस्ट्रोल छ भने पनि रत्तनलिहरुमा जम्न दिदैन। **मधुमेहका विरामीका लागि-**हामीकहाँ भातसँग घिउ खाने प्रचलन छ । मधुमेहको समस्या हुनेहरुको लागि यो फाइदाजनक पनि हुन्छ । **मजबुत हाडको लागि-** खासगरि भिटामिन के १ वनस्पति जन्य खाद्यपदार्थबाट प्राप्त हुन्छ भने भिटामिन के २ जीवजन्तु जन्य खाद्यान्नबाट पाइन्छ। भिटामिन के २ ले शरिरमा विभिन्न प्रकारका मिनेरल उपयोग गर्नमा मद्दत पुर्‍याउँछ। **जोर्नी स्वस्थ बनाउन-**हाड/जोर्नीको समस्याबाट धेरै मानिस प्रताडित छन्। जसरी चिल्लो ग्रिज हालेपछि मेसिनले राम्रोसँग गरि काम गर्छ, घ्यूले पनि हाम्रो शरिरमा त्यस्तै काम गर्छ । **प्रतिरक्षा प्रणाली बढाउन-** घिउमा प्रसस्त मात्रामा भिटामिन ए हुन्छ। जुन चिल्लोमा घुल्ने भिटामिन हो । यसको काम भनेको शरीरमा भएको रोगसँग लड्ने क्षमता अर्थात प्रतिरक्षा प्रणालीलाई बलियो बनाउने हो। **शरीरलाई शक्ति प्रदान गर्न-** खेलाडीहरुले लामो समयसम्म शक्ति प्राप्त गर्नको लागि घिउको प्रयोग गर्छन् । घ्यूमा भएको सर्ट चेन फ्याट्टी एसिड सिधैं कलेजोमा गएर शक्तिमा परिणत हुने गर्छ । **आन्द्राको रोगबाट बच्न-** स्वस्थकर आन्द्राको लागि सबैभन्दा आवश्यक तत्व भनेको ब्युटाइरिक एसिड हो । यसले आन्द्राको कोषहरुमा पोषण प्रदान गर्छ र अस्वस्थ कोषलाई स्वस्थ बनाउन मदत पुर्‍याउँछ । **आँखालाई स्वस्थ राख्न-**घिउमा भएको भिटामिन ए ले आँखाको कोषहरुलाई स्वस्थ बनाउन सहयोग पुर्‍याउँछ।


### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरु:-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method)
अपनाएर जस्तै: आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तै: दांते (Fire Rake),चेप्टे (Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

डिभिजन वन कार्यालय
कालिकोट

# तिलागुफामा बाल पोषण सुधार अभियान

**विष्णुप्रसाद न्यौपाने**

**कालिकोट -** कालिकोट जिल्लाको तिलागुफा नगरपालिकामा बाल पोषण सुधार अभियान थालिएको छ। सेभ द चिल्डेन र भिडिसेफ नेपालको साझेदारी तथा तिलागुफा नगरपालिकाको समन्वयमा नगरमा संचालन गरिएको शुभारम्भ परियोजनामार्फत बाल पोषण सुधार अभियान थालिएको हो। भिडिसेफ नेपालका अध्यक्ष मिनबहादुर बोगटीको अध्यक्षता, तिलागुफा नगर प्रमुख रतनबहादुर शाहीको प्रमुख आतिथ्यता तथा नगर उपप्रमुख दर्शना नेपालीको विशेष आतिथ्यतामा भएको शुभारम्भ तथा युवा सशक्तिकरण परियोजनाको परिचयात्मक कार्यक्रममा नगरभित्र रहेका तीन वर्षमुनिका बालबालिकाको कुपोषणको समस्या न्युनिकरण गर्न प्रभावकारी अभियान थालिने घोषणा गरिएको छ। कार्यक्रममा नगर प्रमुख रतनबहादुर शाहीले सेभ द चिल्डेन, भिडिसेफ नेपालको सहयोगमा तिलागुफा नगरपालिकामा रहेका ३ वर्षमुनिका सबै बालबालिकालाई कुपोषणमुक्त बनाइने बताए। उनले नगरको भविश्य नै अहिलेका बालबालिकाको बताउँदै यसका लागि प्रभावकारी अभियान थालिने बताए। कार्यक्रममा नगर उपप्रमुख दर्शना नेपालीले नगरका ग्रामिण समुदयमा रहेको अभियान आवश्यक रहेको बताइन्। उनले नागरिकमा गर्भवती अवस्थादेखि बच्चा तीन वर्ष नपुगेसम्म गर्नुपर्ने स्याहार, स्वास्थ्य उपचार लगायतका समस्या धेरै रहेको र अन्य स्वास्थ्य क्षेत्रका सुचकमा पनि पछाडी परेकाले त्यहाँ शुभारम्भ परियोजना लागु भएको बताए। उनले शुभारम्भ परियोजनाले



शुभारम्भ तथा युवा सशक्तिकरण परियोजनाको परिचयात्मक गोष्ठीमा सहभागी सरोकारवाला।

अशिक्षा, जनचेतनाको अभाव, परम्परागत कुसंस्कार, अभिभावकको लापरबाही, कामको चाँपलगायतका समस्याका कारण अधिकांश बालबालिकामा कुपोषणको समस्या रहेको बताउँदै यसका लागि सबैको सामुहिक विषयमा जचेतना जोगाउनुपर्ने बताइन्। कार्यक्रममा सेभ द चिल्डेनका प्रतिनिधि अरुणकान्त पौडेलले विभिन्न तथ्यांकलाई केलाएर हेर्दा जिल्लाको तिलागुफा नगरपालिकामा तीन सुनौला हजार दिनका बालबालिकामा कुपोषणको गर्भवतीको नियमित स्वास्थ्य जाँच, नगरभित्र रहेका प्रसुतिगृहरुको मर्मत सुधार, स्वास्थ्यकर्मी तथा स्थानीय तहका जनप्रतिनिधिको क्षमता विकास, स्थानीय रैथाने बालीकोबाट बनेका परिकारको

बाँकी ८पृष्ठमा....


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ।
– बिरामी परेको, मरेको, अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाौँ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔँ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## ४00 वर्ष पुरानो वृक्ष चोरियो

**टोकियो** - चोरले केही पनि बाँकी राख्दो रहनेछ । जापानको राजधानी टोकियो नजिकै साइतामास्थित एक बगैंचाबाट ४ सय वर्ष पुरानो बोन्साई (आकारमा ल्याइएको वृक्ष) चोरिएको छ । अरू ६ वटा रूखसमेत चोरिएका छन् । ती रूखको मूल्य १ लाख १८ हजार अमेरिकी डलर (१ करोड ३५ लाख रुपैयाँ) भन्दा बढी छ । सबैभन्दा बहुमूल्य बोट शिम्पाकु जातको वनस्पतिको थियो । ४ सय वर्ष पुरानो उक्त बोन्साइको मात्र मूल्य ९० हजार डलर (एक करोड रुपैयाँभन्दा बढी) थियो । चोरिएका बाँकीमध्ये तीनवटा देवदारका र तीनवटा अलि कम उमेरका शिम्पाकुका बोट



थिए । सबैभन्दा जेठो शिम्पाकुको बोनसाई यसै महिना आयोजना गरिने प्रतियोगितामा राखिने कार्यक्रम थियो । जापानमा विशेष प्रविधि प्रयोग गरी बोनसाई बनाइन्छ । बोनसाई असली रूपमा रूख जस्तो देखिए पनि आकारमा कैयौं सानो हुने गर्छ । घरमा भाँडोमै बोनसाई हुर्काइन्छ ।


### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका कार्यालय**
**कालिकोट**



### रास्कोट नगरपालिकाको सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**रास्कोट नगरपालिका कार्यालय**
**कालिकोट**


# ज्ञानमाला

१) सन 2017 को विश्व वातावरण दिवशको नारा के रहेको छ ?
-"प्रकृतीसंग हाम्रो सम्वन्धस्रहि रहोस अनन्त"
२) संयुक्त राष्टसंघको 72 औ महासभा 2017 मा नेपालको तर्फवाट को सहभागी भएका थिए ?
-प्र.म शेरवहादुर देउवा
३) नागरिकता पाउने विश्वको पहिलो रोवर्टको नाम के हो ?
-सोफिया
४) हाल सवैभन्दा वढी स्थानिय तह भएको जिल्ला कुन हो ?
-सर्लाही(20)
५) अन्तराष्ट्रिय न्यायालयको प्रधान कार्यालय कहाँ छ ?
-हेग
६) संयुक्त राष्ट्र संघको सूचीमा अल्प विकसित समूहमा कति राष्ट्र छन् ?
-४८
७) संयुक्त राष्ट्रसंघका महासचीवले भाग लिन नपाउने संयुक्त राष्ट्र संघको अंग कुन हो ?
-अन्तर्राष्ट्रिय न्यायालय
८) विश्व हुलाक संघ (Universal Postal Union) को नेपालले कहिले सदस्यता प्राप्त गर्‍यो ?
-वि.सं. २०१३
९) संयुक्त राष्ट्रसंघको झण्डा कहिलेदेखि प्रचलनमा ल्याइयो ?
-सन् १९४७ अक्टोवर २० देखि
१०) संयुक्त राष्ट्रसंघ अन्तर्गत आर्थिक तथा सामाजिक परिषद् (ECOSOC) को क्षेत्रीय कार्यालय कतिवटा छन् ?
-५ वटा
११) संयुक्त राष्ट्रसंघको बजेट निर्धारण गर्ने काम कसको हो ?
-महासभा
१२) नेपालको कला तथा संस्कृतिको संरक्षणमा सबैभन्दा बढी योगदान पुर्‍याएको अन्तर्राष्ट्रिय संस्था कुन हो ?
-UNESCO
१३) नेपालले कहिले सुरक्षा परिषदमा र ही विश्वमा शान्ति स्थापनामा सहयोग पुर्‍याएको थियो ?
-सन् १९६९/७० मा र पुनः १९८८/८९ , २००१
१४) UNO को पहिलो विशिष्टीकृत संस्था कुन हो ?
-ILo


*एक घर एक करेसावारीको स्थापना गरौं ।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥*

**पचाल झरना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, कालिकोट**



### सम्पुर्णमा हाम्रो अनुरोध

**गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

**पलाँता गाउँपालिकाको कार्यालय**
**कालिकोट**


## महत्वपूर्ण टेलिफोनहरु


| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

# रोकिएन बालविवाह :३२ वर्षको उमेरमा ७ सन्तान

**मिसन न्यूज**

मुगु- छायानाथ रारा नगरपालिका ३ साँयाखोलाकी २५ वर्षीया ईश्वरमाया कामी २५ वर्षकी भइन् । उनको १६ वर्षको उमेरमा बिहे भएको हो। विपन्न परिवारकी उनी ६ बच्चाकी आमा भइसकिन् । उमेर २५ वर्षको भए पनि उनको शरीर ४० वर्षकी महिलाको जस्तै देखिन थालिसक्यो । उनका पति ज्याला मजदुरी गर्छन् भने उनी बच्चा बोकेरै भए पनि गिट्टी कुट्ने काम गर्छिन् । कामी मात्र होइन, किशोरावस्थामै आमा बन्ने किशोरी मुगुमा थुप्रै छन् । दशकअघि बालविवाहको चरम रुप देखिने मुगुमा यो संख्या अझै उस्तै छ। पछिल्लो समय आधुनिकीकरणको नाममा सामाजिक सञ्जालको दुरुपयोगका कार ण बालविवाह बढ्दै गएको छ । विद्यालयीय उमेरमै आफूखुसी विवाह गर्नाले यो समस्या झनै बढ्दो छ । 'किशोरकिशोरीबीच प्रेम बस्ने र भागी बिहे गर्नाले पनि बालविवाह नघटेको मष्टा आधारभूत विद्यालय प्रधानाध्यापक रामभक्त रोकायाले बताए । उनले भने, 'यस्तो भएपछि परिवारले पनि बाध्य भएर स्वीकार्नुपर्छ, सहरतिर उच्च शिक्षा अध्ययनका लागि पठाउने चलनले पनि यो संख्या बढ्ने गरेको छ ।' प्रभाव



माध्यामिक विद्यालय रोवाको कक्षा १० का नौ छात्राको विवाह भइसक्यो । विद्यालयस्तरमा गठित बालक्लब तथा गाउँस्तरमा सञ्चालित संस्था त्यसमै आबद्ध किशोरकिशोरीको समेत बिहे भइसकेको प्रभात मावि रोवाका प्रअ चन्द्रप्रकाश बढुवालले जानकारी दिए ।

ईश्वरमाया जस्तै जिल्लाको खत्याड गाउँपालिका २ गाडेंखोलाकी दूधशीला भियाल ३२ बर्ष पुगिन्। १५ वर्षकै उमेर मा उनको बिहे भएको हो । उनी यतिबेला ७ सन्तानकी आमा बनिसकेकी छन् । उनका पति रडक भियाल ज्यालामजदुरी गर्छन् । 'कलिलैमै बिहे भयो, एक वर्षमै छोरी जन्मिई,' दूधशीलाले भनिन्, 'केही थाहा थिएन, कसरी बच्चा पाल्ने ? बालबच्चा धेरै जन्मिए, लोग्नेले ज्याला मनदुरी गर्छन्, हामी दुवैले पढे लेखेका छैनौं ।' घरको अन्नले २ महिना मात्र खान पुग्ने उनको परिवारमा ७ छोराछोरी सहित ११ जनाको परिवार छ । उनीहरुको पालनपोषण र लुगा फाटोको लागि वर्षभरि नै ज्याला मनदुरी नगरी सुखै छैन । बालबच्चा हुर्काउन र लुगा फाटोको लागि केही वर्षअघि भारततिर जानुपर्थ्यो रड्कले भने, 'आजभोलि गाउँतिरै मजदुरीको काम गर्दै आएको छ ।' नागरिकबाट


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## सडक दुघर्टना कम गर्न ......................

उपचार गराउन सल्लाह दिएको जिल्ला आँखा अस्पताल कालिकोटका डा. डवल अधिकारिले बताए । सवारी चालकले समय समयमा स्वास्थ्य परीक्षण गर्नुपर्ने हुन्छ तर हेलचेक्रयाँई गर्ने भएकोले जिल्ला अस्पतालमा बोलाएर स्वास्थ्य परीक्षण गरिएको प्रहरी सहायक निरीक्षक देबेन्द्र मल्लले बताए । शिविरमा जिल्ला आँखा अस्पताल कालिकोटका डा डवल अधिकारी,नहकुल शाहीलगायतका स्वास्थ्यकर्मीले चालकको स्वास्थ्य चेकजाँच गरेका थिए । दुर्घटना न्युनीकरण गर्न सवारी चालकले आफ्नो स्वास्थ्य समय समयमा चेकजाँच गराई राख्न कालिकोटका प्रहरी प्रमुख विनोद शर्माले आग्रह गरे । राजधानीबाट

## तिलागुफामा बाल पोषण ........................

प्रयोगलाई जोड दिने बताए । जिल्लाको तिलागुफा नगरपालिकामा गर्भवती महिलामा नियमित चारपटकम्म गर्भ जाँच गराउने महिला ३७ प्रतिशत मात्र छन् । शुभारम्भ परियोजना संयोजक सन्ध्या सुवेदीका अनुसार भण्डै ३० प्रतिशत महिला अझै पनि घरमै सुत्केरी हुन्छन् । उनले भनिन्, ' बाल विवाह र बहुविवाह को समस्या पनि धेरै छ । यो परियोजनाले स्वास्थ्य शिक्षा, पोषण र बाल संरक्षणका क्षेत्रमा सुधार ल्याउने क्रियाकलाप गर्नेछ ।'उनले यो परियोजनाले दुई वर्षमा स्वास्थ्य संस्थामा नियमित चारपटक जाँच गर्ने महिलामा ५० प्रतिशतले वृद्धि गर्ने, स्वास्थ्य संस्थाको मर्मत सम्भार, अत्यावश्यक सामाग्री वितरण, कुपोषित बालबालिकाको पहिचान र उपचार सेवा दिने बताइन् ।

## एक वर्षदेखि पाएनन् ...........................

वुझाउने बताए । काम गर्नका लागि सम्झौता गर्ने ठेकेदार कांग्रेस कालिकोटका कोषाध्यक्ष मनजित शाही सम्पर्क विहिन अवस्थामा रहेको भनी पिडितले गुनासो गरेका छन् । यसका बारेमा प्रमुख जिल्ला अधिकारी चन्द्रवहादुर कार्कीले यस विषयमा ठेकेदारहरु नै काम पुरा नगरी भागेकाले सम्स्या भएको प्रतिक्रिया दिएका छन् । जिल्ला प्रशासन कार्यालय कालिकोटको आवास भवन निमार्ण गर्ने क्रममा एक वर्ष सम्म काम गर्दा ज्याला नपाएको भन्दै मजदुरले पत्रकार सम्मेलन गरि गुनासो गरेका छन् ।

## स्थानीय तहमा इन्टरनेट.................

चलेपछि अहिले सहज भएको छ ।' रोकायाले भन्नुभयो । जिल्लाका ९ वटा स्थानीय तहमध्ये खाडाँचक्र नगरपालिका केन्द्रमा नेपाल टेलिकमको शाखा रहेकोले एडिएसल जडान गरिएको छ । भने अन्य, नरहरीनाथ गाउँपालिका, शान्तित्रिवेणी गाउँपालिका, राष्कोट नगरपालिका, पचालझरना गाउँपालिका, पलाता गाउँपालिका, महावै गाउँपालिका, शुभकालीका गाउँपालिका र तिलागुफा नगरपालिकामा वल्डलिंकको इन्टरनेट सेवा जडान गरिएको छ ।


**'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com


## दुईपटक शिलान्यास भएको पुल अलपत्र

**मिसन न्यूज**

**कालिकोट-** दुईपटक शिलान्यास गरि एको कालिकोटको खुलालुस्थित पक्की पुल आठ वर्षदेखि अलपत्र परेको छ । सडक डिभिजन कार्यालय र निर्माण कम्पनीको लापरबाहीले पुल निर्माण नहुँदा स्थानीय बासिन्दा मर्कामा परेका छन् । खुलालु(हिल्सा सडकखण्डको खुलालुमा पक्की पुल निर्माणका लागि आठ वर्षअघि सडक डिभिजन कार्यालयले कन्काई नेपाल प्रगति जेभीसँग निर्माण सम्झौता गरेको थियोरु सडक डिभिजन कार्यालयका अनुसार १४ करोडमा निर्माण सम्झौता भएको हो ।

त्यसपछि दुईपटक पुलको शिलान्यास पनि गरिएको थियो । ०६७ मा कांग्रेसका नेता रामचन्द्र पौडेल र ०७१ मा तत्कालीन भौतिक पूर्वाधारमन्त्री विमलेन्द्र निधिले शिलान्यास गरेका थिए । तर, सडक डिभिजन र निर्माण कम्पनीको लापरबाहीले पुल निर्माण हुन नसकेको स्थानीय बासिन्दाको आरोप छ । 'आठ वर्षदेखि जस्ताको त्यस्तै छ, अझै निर्माण हुने केही छाँटकाँट छैन,' नरहरिनाथ गाउँपालिका(९ लालुका नवराज शाहीले भन्नुभयोरु स्थानीय बासिन्दाका अनुसार निर्माण कम्पनीले गत वर्षदेखि मात्रै पुल निर्माण स्थलमा सामग्री फालेको छ । पुलको जग खनेको छ । तर, त्यसपछि भने काम अघि बढेको छैन । प्रत्यारोप पुल निर्माण नहुनमा सडक डिभिजन कार्यालय र निर्माण कम्पनीले एक( अर्कालाई आरोप(प्रत्यारोप लगाएका छन् । डिभिजनले पुलको डिजाइन नदिँदा निर्माण गर्न नसकिएको कन्काई नेपाल प्रगति जेभीका प्रतिनिधि करन निरौलाले बताउनुभयो । 'सडक डिभिजन कार्यालयले निर्माणका डिजाइन स्टिमेट दिएका छैनन् । त्यसैले काम गर्न सकिएको छैन,' उहाँले भन्नुभयो । सडक डिभिजन कार्यालयले डिजाइन स्टिमेट दिइसकिएको जनाएको छ ।


**महावैको अनुरोध**

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट



**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सूचिकरण भएको **www. missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधैं यहाँको साथमा छौं

**हाम्रा विशेषताहरु**

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्रीउत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com



बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. - ०८७-४४०२४२, ९८४८०४९४५५ ,९८६८३१५३५३ , इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com ,मुद्रण: ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट